258

# 11th NCAR Part-66, BASIC AML -XI EXAM 2015

## मा सहभागी हुन चाहने परिक्षार्थीहरुको लागी

# दरखास्त आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७२।०४।०२**

नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्णयानुसार यस विभाग र CAAi, UK वीच २ फेब्रुअरी २०१२ मा सम्पन्न सम्झौता वमोजिम १६ र १७ अगस्ट २०१५ मा कम्प्युटराइज्ड प्रणलीवाट संचालन हुन गइरहेको NCAR Part-66 अनुसारको **Basic AML-XI Exam** दिन इच्छुक तथा योग्य उम्मेदवारहरुलाई, यस विभागको वेवसाइटमा रहेको CAAI UK को Online Exam Portal मा उपलब्ध हुने दरखास्त फाराम रितपूर्वक तोकिएको म्याद भित्र भरी ०३ अगस्ट २०१५ (२०७२।०४।१८) भित्र Online form भर्न हुन आह्वान गर्दै यो सूचना प्रकाशित गरिएको छ । यस परीक्षाको बिषयमा थप जानकारी आवश्यक भएमा यस विभागको एयरवर्दिनेश महाशाखामा सम्पर्क राख्न सकिने छ । रित नपुगी र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । यो सूचना प्राधिकरणको Website: www.caanepal.org.np/ Flight Safety मा पनि प्रकाशित गरिएको छ ।

१) **न्यूनतम योग्यता तथा अनुभव :**

प्रचलित नागरिक उड्डयन नियमावली तथा NCAR Part-66 मा उल्लेख भए बमोजिमको योग्यता भएको हुनु पर्नेछ ।

२) **दरखास्त फाराम तथा भरी बुझाउने व्यवस्था :**

क) CAAi वाट जारी भएको दरखास्त फाराम **फ्लाइट सेफ्टी स्ट्याण्डर्ड्स विभाग**, सिनामंगलबाट प्राप्त गर्न सकिन छ भने प्राधिकरणको वेवसाइट www.caanepal.org.np/Link:Flight Safety वाट पनि डाउनलोड गर्न समेत सकिने छ ।

ख) साथै कम्प्युटराइज्ड प्रणाली वाट परीक्षा संचालन हुने र दरखास्त फाराम समेत Online Booking गर्नु पर्ने भएको सन्दर्भमा यस सुचना अनुसार दरखास्त फाराम भरी वुझाउनु हुने सवै परिक्षार्थीहरुले मिति ०३ अगस्ट २०१५ भीत्र **फ्लाइट सेफ्टी स्ट्याण्डर्डस विभाग**, सिनामंगलमा Examination Booking फाराम भरी Submit गर्नु पर्ने छ ।

३) **दरखास्त फाराम तथा परीक्षा दस्तुर :**

क) दरखास्त फाराम दस्तुर वापत ५ (पांच) अमेरीकी डलर र परीक्षा दस्तुर वापत प्रति विषय (Module) १५ अमेरिकी डलर वरावर को रकम र सो को १३ प्रतिशत मु.अ.कर सहित हुन आउने रकम लाग्नेछ । विदेशी मुद्राको विनिमय दरको हकमा जुन दिन रकम बुझाइन्छ सोही दिनको नेपाल राष्ट्र बैंकले तोकेको विकि दरको विनिमय दर कायम हुने छ ।